बैठक नं. १६०

श्री

आज मिति २०८२ साल भाद्र महिनाको २८ गते आइतबारका दिन बिहान ६:३० बजे रत्ननगर नगरपालिकाका नगर प्रमुख श्री प्रकाश स्यापकोटा ज्यूको अध्यक्षतामा रत्ननगर नगरपालिकाको नगरकार्यपालिका बैठक देहायको उपस्थितिमा बसी देहायको निर्णय गरियो ।

उपस्थिती

श्री प्रकाश स्यापकोटा - नगर प्रमुख
श्री यादव प्रसाद पाठक - नगर उप प्रमुख
श्री कुल प्रसाद स्यापकोटा - प्रवक्ता / वडा अध्यक्ष वडा नं. १
श्री राजेन्द्र प्रसाद घिमिरे - वडा अध्यक्ष वडा नं. २
श्री लोकेन्द्रराज खरेल - वडा अध्यक्ष वडा नं. ३
श्री राम कुमार चौधरी - वडा अध्यक्ष वडा नं. ४
श्री बालकृष्ण चापागाईं - वडा अध्यक्ष वडा नं. ५
श्री नीरज चौधरी - वडा अध्यक्ष वडा नं. ६
श्री सरला महतो - वडा अध्यक्ष वडा नं. ७
श्री कृष्ण चौधरी - वडा अध्यक्ष वडा नं. ८
श्री अनन्त अधिकारी - वडा अध्यक्ष वडा नं. ९
श्री कलाधर पौडेल - वडा अध्यक्ष वडा नं. १०
श्री श्याम कुमार श्रेष्ठ - वडा अध्यक्ष वडा नं. ११
श्री सुन्दरमणी सुवेदी - वडा अध्यक्ष वडा नं. १२
श्री पोष्ट बहादुर घिमिरे - वडा अध्यक्ष वडा नं. १३
श्री सोमनाथ रानाभाट - वडा अध्यक्ष वडा नं. १४
श्री आशिष तामाङ - वडा अध्यक्ष वडा नं. १५
श्री हेमराज थापा - वडा अध्यक्ष वडा नं. १६
श्री सुकमाया वि.क. - कार्यपालिका सदस्य
श्री बबिता चौधरी - कार्यपालिका सदस्य
श्री चन्द्रकला पनेरु - कार्यपालिका सदस्य
श्री प्रमोद अधिकारी पौडेल का.पा. सदस्य
श्री सानु भण्डारी बस्नेत - का.पा. सदस्य
श्री राजेन्द्र कमल परियार - का.पा. सदस्य

श्री देवेन्द्र खुजेल - कार्यपालिका सदस्य
श्री राम बहादुर रिमाल - कार्यपालिका सदस्य
श्री प्रकाश पौडेल - सचिव प्र. प्र. अ.

अन्य उपस्थिति

श्री श्वेता अर्याल - प्रशासन शाखा प्रमुख
श्री प्रदिप पौडेल - लेखा अधिकृत
श्री सुदिप घिमिरे - नगर प्रहरी इन्चार्ज

## निर्णयहरु

### निर्णय नं १

मिति २०८२।५।२३ गतेका दिन काठमाडौं लगायत देशका विभीन्न स्थानमा भएको जेन जेड समुहको प्रदर्शनका क्रममा ज्यान गुमाएका दिवङ्गत आत्मा प्रति शोक प्रकट गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना व्यक्त गरियो ।

### निर्णय नं २

मिति २०८२।५।२४ गते देशव्यापी रुपमा भएको जेन जेड समुहको आन्दोलनका क्रममा यस रत्ननगर नगरपालिका यस अन्तरगतका १६ वटै वडा कार्यालयहरु र केही स्वास्थ्य संस्थाहरुमा समेत आगलागी तोडफोड र लुटपाटका कारण पूर्ण रुपमा क्षति भएको अवस्था छ । त्यस्तो बिषय परिस्थितीमा सेवा प्रवाह गर्ने वातावरण नरहेकाले जनप्रतिनिधि र कर्मचारीहरुको संलग्नतामा कार्यालय सरसफाई गर्ने निर्णय गरियो ।

### निर्णय नं ३

यस अघि मिति २०८२।३।२३ गते बसेको नगरकार्यपालिका बैठकबाट नगरपालिका कार्यालय वडा कार्यालयहरु स्वास्थ्य संस्थाहरुमा सेवाग्राहीको चाप बढी भएको र ब्लड बैंक, हरियाली पार्क निर्माण स्थल, नगरसभा गृह सौराहा लगायतका स्थानहरुमा सामानको सुरक्षाका लागि जनशक्ती आवश्यक परी स्वीकृत दरबन्दी तेरिजमा रिक्त रहेका पदहरुमा दैनिक ज्यालादारीमा कर्मचारी राखिएकोमा निजहरुलाई असार मसान्त सम्म कामकाज लगाई मिति २०८२।४।१ गते देखि लागु हुने गरि हटाउने निर्णय गरिएकोमा करार सेवामा पदपुर्तिका लागि सूचना प्रकाशन गर्ने र करार सेवामा पदपूर्ति नभएको र तत्काल कार्यालयहरु सन्चालनमा समस्या परेको अवस्थालाई मध्यनजर गरि काममा लगाउनुपरेको र सोको दैनिक ज्याला स्थानीय दररेट बमोजिम श्रमको सिद्दान्त अनुसार भुक्तानी गरी मिति २०८२।०६।१० देखि लागू हुने गरी ज्यालादारी कर्मचारीहरुलाई काममा निरन्तरता नदिने निर्णय गरियो । साथै उक्त पदहरुमा स्वीकृत दरबन्दी अनुसार सेवा करारमा कर्मचारी पदपुर्तिका लागि कार्यालयको सेवा प्रवाहको अवस्था हेरि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

CamScanner